प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

# स्थानीय तह तथा अन्य निकायको लागत सहभागितामा मागमा आधारित कृषि विकास कार्यक्रम र कृषि उपज बजार सुधार कार्यक्रमको भुक्तानीको लागि म्याद थप गरिएको बारे अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मितिः २०७६/२/३१

यस मन्त्रालयको स्थानीय तह तथा अन्य निकायको लागत सहभागितामा मागमा आधारित कृषि विकास कार्यक्रम संचालन निर्देशिका,२०७५ र कृषि उपज बजार सुधार कार्यक्रम संचालन निर्देशिका, २०७५ मा व्यवस्था भए अनुसार गठित अनुदान व्यवस्थापन समितिको मिति २०७६/२/३० र ३१ गते बसेको बैठकको निर्णय बमोजिम कृषि बजार सुधार कार्यक्रम र स्थानीय तहसँग मागमा आधारित कृषि विकास कार्यक्रमहरुको जेष्ठ मसान्त भित्र कार्यसम्पन्न भई भुक्तानी मागिसक्नुपर्ने गरी सम्झौता भएकोमा सो समयावधि निकै छोटो भएकोले काम गर्न नसकेको र कार्यसम्पन्नको लागि थप समय मागको पत्र प्राप्त भई मन्त्रालयमा दर्ता भएको हुनाले सो सम्वन्धमा छलफल गर्दा हाललाई कामसम्पन्न नभएको तर म्याद थप गर्दा सकिने बुझिन आएकोले समयभित्र काम सम्पन्न गर्न नसकेका स्थानीय तह र कृषि उपज बजार निर्माण उपभोक्ता समितिहरुलाई असाढ १५ गतेभित्र कार्यसम्पन्न गरी भुक्तानी माग गर्न म्याद थप्ने निर्णय बमोजिम यही मिति २०७६/३/१५ गतेसम्म भुक्तानीको लागि निवेदन पेश गर्नुहुन यसै सूचना अनुसार जानकारी गराईन्छ।

२०७६।०२।३१

वरिष्ठ कृषि विकास अधिकृत (दशौं तह)